# सिमकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८३।०८४ (शिक्षा,युवा तथा खेलकुद शाखा) मितिः २०८३।०५।२२

चलानी नं.- २६१ ने.सं. : ११४६ गुंलागा, सोमवार

सिमकोट गाउँपालिका कार्यपालिकाको कार्यालय सिमकोट, हुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

**विषयः स्थानीय पाठ्यपुस्तक (हाम्रो सिमकोट कक्षा ६–८) प्रकाशन लागि राय, सल्लाह तथा सुझाव उपलब्ध गराइदिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस **सिमकोट गाउँपालिका** गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय विशेषता, आवश्यकता र पहिचानलाई समेटी कक्षा ६ देखि ८ सम्मको **स्थानीय पाठ्यपुस्तक (हाम्रो सिमकोट)** को पाठ्यपुस्तक तयार भई प्रकाशनको अन्तिम चरण रहेको व्यहोरा अवगत नै छ। हाम्रो स्थानीय तहभित्रको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, वातावरणीय एवं आर्थिक पक्षहरूका साथै स्थानीय पेसा, प्रविधि र मूल्य-मान्यता र स्थानीय बजेट प्रणालीलाई व्यवाहारिक रूपमा समेटेर बालमैत्री, सान्दर्भिक र गुणस्तरीय पाठ्यपुस्तक तयार छ। अझै यो पाठ्यपुस्तकलाई थप परिष्कृत, समावेशी र स्तरयुक्त बनाउनका लागि शिक्षाप्रेमी, बुद्धिजीवी, प्रधानाध्यापक, शिक्षक, अभिभावक, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाहरूको अमूल्य सल्लाह, सुझाव र पृष्ठपोषण अपरिहार्य रहन्छ। अतः कक्षा ६, ७ र ८ को स्थानीय पाठ्यपुस्तक (हाम्रो सिमकोट) मा समावेश गरिनुपर्ने थप विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया तथा अन्य महत्त्वपूर्ण पक्षहरूका बारेमा यहाँको रचनात्मक सल्लाह, सुझाव वा कुनै लिखित सामग्री भएमा मिति **२०८३ असोज १५ गते** भित्र यस कार्यालयको शिक्षा शाखा,युवा तथा खेलकुदको **इमेल ठेगानाः educationsimkot@gmail.com** मा उपलब्ध गराई स्थानीय शिक्षाको विकासमा सहयोग पुर्‍याइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ। साथै तयार भई प्रकाशनको अन्तिम चरणमा रहेको स्थानीय पाठ्यपुस्तक (हाम्रो सिमकोट) को कक्षा- ६, ७ र ८ को पाठ्यपुस्तकको PDF Copy सिमकोट गाउँपालिकाको Website : www.simkotmun.gov.np बाट उपलब्ध छ।

२०८३/०५/२२

**डम्मर बहादुर बुढा**
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner